आज मिति २०८० पुस २३ गते सोमबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ३६ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर, |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिब | |

CamScanner

अन्य उपस्थिती

श्री रामप्रसाद शर्मा, उपसचिव, शिक्षा शाखा प्रमुख
श्री जीवलाल श्रेष्ठ, योजना शाखा प्रमुख
श्री विनोद अर्याल, लेखा अधिकृत
श्री अविनाश पन्थी, प्रशासन शाखा प्रमुख
श्री शिव सापकोटा, आर्थिक विकास शाखा प्रमुख
श्री संगिता पौडेल सापकोटा, प्रशासन शाखा,
श्री विमला लम्साल, महिला तथा बालबालिका शाखा प्रमुख
श्री रामकुमार श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख
श्री गंगा भुसाल, योजना शाखा
श्री सन्दिप न्यौपाने, एम आईएस अपरेटर
ई. टिकाराम बस्याल, पूर्वाधार शाखा प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ढ्योपाने
नगर प्रमुख

३६ औं कार्यपालिका बैठक/२०८० पुस २३

छलफलका विषयः-

१. देवचुली नगरपालिकाको (साविक प्रगतिनगर गाउँ पञ्चायतको नाममा दर्ता रहेको) नामको ९१ नं. कित्ता सम्बन्धमा,

२. देहायका जग्गाहरु सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ बमोजिम नगरपालिकाको काममा उपयोग गर्ने गरी प्रक्रिया अगाडि बढाउन जिल्ला प्रशासन र मालपोत कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा,
   - साविक प्रगतिनगर गा.वि.स. सिसवार ५ ख मा रहेको करिब ३ विघाहा ५ कठ्ठा,
   - देवचुली नगरपालिका वडा नं. ६ मृत्युङमा रहेको करिब ३ विघाहा,

३. जग्गा उपयोग प्रक्रियाको सहजिकरण समिति सम्बन्धमा,

४. प्राविधिक कर्माचारी व्यवस्था गर्ने सम्बन्धमा,

५. नगरपालिका, वडा कार्यालय र अन्तर्गतका विषयगत शाखामा करारमा कार्यरत कर्मचारीको करार सम्झौता अवधि थप गर्ने सम्बन्धमा,

६. वडा नं. ४ बाट प्राप्त भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको विवरण प्रमाणिकरण गरी जिल्ला भूमि आयोगमा पठाउने सम्बन्धमा,

७. बाटो लगत कट्टा गर्न प्रदेश मन्त्रालयमा लेखी पठाउने सम्बन्धमा,

८. देवचुली-८ स्थित मिलिजुली आधारभूत विद्यालयको २ कोठे भवनको लागि सिफारिस सम्बन्धमा,

९. सूर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि सम्बन्धमा,

१०. नदि उकासको मापदण्ड कायम गर्ने सम्बन्धमा,

११. सार्वजनिक जमिन कायम गर्ने सम्बन्धमा,

१२. देवचुली-११ स्थित महिला कल्याण बहुउद्देश्यीय सहकारी संस्थाको गत आ.व. मा संचालित कार्यक्रमको भुक्तानी दिन बाँकी रकम उपलब्ध गराउने सम्बन्धमा,

१३. प्रथम पिप्रहर माघी मेलाका लागि आर्थिक रकम उपलब्ध गराउने सम्बन्धमा।

नगर कार्यपालिकाबाट देहायका निर्णयहरु सर्वसम्मत् रुपमा गरियो।

१. साविक प्रगतिनगर गाउँ पञ्चायत को नाममा रहेको साविक प्रगतिनगर गाउँ विकास समिति वडा नं. ४ (हाल देवचुली नगरपालिका वडा नं. १०) मा रहेको ९१ कित्ता नम्बर जग्गाको लालपूर्जा देवचुली नगरपालिकाका नाममा उपलब्ध गराइदिन जिल्ला मालपोत कार्यालय कावासोतीलाई अनुरोध गर्ने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ढ्योपाने
नगर प्रमुख

CamScanner

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

२. सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ४, उपदफा (१) बमोजिम देवचुली नगरपालिका वडा नं. ६ स्थित मृत्युङको बौलाहा खोलाको किनारमा पूर्वमा मृत्युङ खोला, पश्चिममा बौलाहा खोला, उत्तरमा एकता सामुदायिक वन तथा दक्षिणमा मृत्युङ खोला र बौलाहा खोलाको सिमाना रहेको चार किल्ला भित्रको करिव ३ बिगाहा सार्वजनिक जग्गामा फोहरमैला संकलन केन्द्र र देवचुली नगरपालिका वडा नं. १६ रजहर स्थित साविक सिसवार ५ (ख), (वडा नं. १६) पूर्वमा कित्ता नं. ३, पश्चिममा मुकुण्डे खोला, उत्तरमा कृषि साझा सहकारी र दक्षिणमा कालिका सामुदायिक वन उल्लेख भएको चार किल्ला भित्रको करिब ३ बिगाहा ५ कठ्ठा क्षेत्रफल भएको सार्वजनिक जग्गामा आधुनिक फोहरमैला प्रशोधन कारखाना निर्माण गर्ने प्रयोजनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन जिल्ला प्रशासन कार्यालय कावासोती र मालपोत कार्यालय कावासोतीलाई अनुरोध गर्ने।

३. प्रकरण नं. २ को जग्गा उपयोग गर्न नेपाल सरकारबाट निर्णय नहुँदा सम्म Follow up गर्न र फोहरमैलाको अल्पकालिन र दीर्घकालिन व्यवस्थापनका उपायहरु पहिचान गरी कार्यान्वयन गर्दै लैजान देहाय अनुसारको समिति गठन गर्ने।

संयोजक- श्री कृष्ण बहादुर के.सी.

सदस्य- श्री तिल प्रसाद काफ्ले

सदस्य- श्री एकदेव पौडेल

समितिको सचिवालय र सदस्य सचिव कार्यपालिकाको कार्यालयबाट व्यवस्था मिलाउने।

४. यस कार्यालयको स्वीकृत दरवन्दी बमोजिमका प्राविधिक कर्मचारीको पदपूर्ति भइ नसकेको र धेरै योजना कार्यान्वयनका चरणमा रहेकोमा कार्यसम्पादन गर्न कठिनाई परेकोले स्थायी पदपूर्ति भई आएको खण्डमा स्वतः करार सम्झौता रद्द हुने शर्तमा हाल २०८१ असार मसान्त सम्मका लागि सब-इन्जिनियर (सहायक स्तर पाँचौ तह) ५ जना संक्षिप्त प्रक्रिया अपनाई सेवा करारमा कामकाजमा लगाउने व्यवस्था मिलाउने।

५. यस नगरपालिका र अन्तर्गतका विषयगत शाखा, वडा कार्यलयमा करार सेवामा कार्यरत कर्मचारी मध्ये (क.) व्याक हो लोडर- अपरेटर बुद्धि प्रकाश नेपाली, (ख.) ट्र्याक्टर चालक देव बहादुर गाहा (ग.) सुरक्षा गार्ड- डिल बहादुर सिंजाली बाहेक अन्यको करार सम्झौता आगामी २०८१ असार मसान्त सम्म म्याद थप गर्ने।

६. वडा नं. ४ बाट प्राप्त भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको विवरण क्रमशः ५० र १०२ नामावली सहित प्रमाणिकरण गरी जिल्ला भूमि आयोगमा सिफारिसको लागि लेखि आएकोले उक्त विवरण तथा नामावली कार्यपालिकाबाट प्रमाणिकरण गरी जिल्ला भूमि आयोगमा पठाउने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

CamScanner

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

७. गण्डकी प्रदेश सरकार कृषि, तथा भूमि व्यवस्था मन्त्रालय को आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम अन्तर्गत मन्त्रालय, नापी कार्यालय र स्थानीय तहको समन्वयमा कित्ता नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्नका लागि विवरण संकलन गरी बाटोको लगत कट्टाका लागि प्रदेश मन्त्रालयमा पेश गर्ने।

८. देवचुली-८ स्थित श्री मिलिजुली आधारभुत विद्यालयमा एकमात्र ४ कोठे विद्यालय भवन रहेकोमा, बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि कक्षा कोठा अपुग रहेकोले संघीय सरकार, सशर्त अनुदान अन्तर्गत २ कोठे भवन निर्माणका लागि कार्यक्रम सिफारिस गर्ने।

९. स्थानीय सरकार संचालन ऐन, २०७४ को स्वास्थ्य सम्बन्धी कार्यको १३ नं. बुँदा ले सुर्ति, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धिको दायित्व स्थानीय तहको हुने व्यवस्था रहेको र आफ्ना नागरिकको स्वास्थ्य सर्वोपरी हितको विषय रहेकोले सो सम्बन्धी मापदण्ड १५ दिनभित्र तयार गरी नगर कार्यपालिकामा पेश गर्न् बिधायन समितिलाई जिम्मा दिने।

१०. देवचुली नगरपालिका क्षेत्रभित्र रहेका खोला/नदीको क्षेत्राधिकार र खोला/नदी उकासका जग्गा सम्बन्धी मापदण्ड निर्माणका लागि १५ दिनभित्र प्रतिवेदन तयार गरी बिधायन समिति समक्ष पेश गर्नका लागि वन, वातावरण तथा विपद व्यवस्थापन समितिलाई जिम्मा दिने।

११. नगरपालिकामा हाल भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापजाँचको कार्य भइरहेकोमा फोहरमैला व्यवस्थापन, पार्क-उद्यान निर्माण, खुल्ला स्थान, चौर लगायत सहरी सौन्दर्य एवं अन्य सार्वजनिक प्रयोजनका लागि नगरपालिकाको सार्वजनिक जग्गा कायम गर्नका लागि १५ दिनभित्र प्रतिवेदन तयार गरी विधायन समिति समक्ष पेश गर्न आर्थिक विकास समितिलाई जिम्मा दिने।

१२. देवचुली-११ स्थित महिला कल्याण बहुउद्देश्यीय सहकारी संस्थाको गत आ.व. मा संचालित कार्यक्रमको रकम भुक्तानी छुट हुन गएकोले सो कार्यक्रमका लागि रु ४० हजार उपलब्ध गराउने।

१३. देवचुली-१७ पिप्रहर स्थित पिप्रहर सामुदायिक होम स्टे ग्राम र होटल तथा पर्यटन व्यवसायी समितिको मंयुक्त आयोजनामा माघे संक्रान्ती पर्वलाई लक्षित गरि स्थानीय उत्पादन, सीप, रैथाने खानाको परिकार, कला र संकृतिको प्रवर्द्धन ग्रामिण पर्यटनको माध्यमले समुदायको आर्थिक उपार्जन र जिविकोपार्जनमा टेवा पुऱ्याउने अभिप्रायले संचालन हुने ३ दिने "प्रथम माघी मेला" का लागि रु ३ लाख रकम उपलब्ध गराउने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख